## २.७ कञ्चन गाउंपालिकाको ऐतिहासिक पृष्ठभूमी

चुरे श्रेणीबाट सुरुभइ अनब्रत रुपमा बगिरहने कञ्चन नदीका नामबाट यस गाँउपालिकाको नामाकरण गरिएको हो । प्राचिन समयदेखि निरन्तर बगिरहने यो नदी पाल्पा जिल्लाका बुढीदमार र सत्यवतीबाट सुरुभइ रुपन्देही जिल्लाको सैनामैना नगरपालिकाको साविक सालझण्डी गाविस र यस कञ्चन गाउंपालिकाको विच भाग भएर उत्तरबाट दक्षिण तर्फ बगी दानव नदीमा मिसिन पुग्छ ।  सामान्यन्य रुपमा नदी कटानका कारणले केही नोक्सानी भएता पनि कृषि उत्पादनमा यो नदीको अत्यान्तै ठूलो महत्व रहेको छ । गाउंपालिकाको करिब विच भाग भएर बग्ने भएकाले विभिन्न स्थानमा बाँधबाधी सिंचाइ गरिन्छ । नदीजन्य श्रोत ढुङ्गा, बालुवाको माग पनि यसै नदीले पुरा गरिरहेको छ, यसका साथ साथै गाउंपालिकाको आम्दानीको मुख्य श्रोत पनि हो । कृषि, वन तथा वाातावरण, धार्मिक स्थल, नदी नज्यश्रोत आदि विभिन्न कारणले यस नदीको आर्थिक, धार्मिक, सामाजिक महत्व रहेको छ । यो महत्वपूर्ण कञ्चन नदीको नामबाट आम जनताको चाहना वमोजिम साविक गजेडी र रुद्रपुर गाविस संवत २०४६ भन्दा पहिले एउटै पञ्चायत भएकाले अहिलेको स्थानीय निकायको संरचना अनुसार पहिलेकै कुरालाई कायम गरि कञ्चन गाउँपालिका बनाइएको हो ।

कञ्चन गाउंपालिकामा पहाडी मूलका ब्राह्मण, क्षेत्री, मगर, कामी, दमाई, सार्कीका साथसाथै रैथाने थारु, यादव, मुसलमान लगायतका विभिन्न बासिन्दाहरुको बासोबास छ । यस गाउंपालिकामा दशै, तिहार, जनैपूर्णीमा, तिज, छठ, होली, बुद्धजयन्ती, मोहरम, क्रिसमस, इद लगाएतका विभिन्न चाडपर्व मनाइन्छ । मठमन्दिर, मस्जित, विभिन्न धार्मिक स्थल, देउसीभैलो, भजनकृतन, कौरा, थारुनाच आदि यहाँका मौलिक साँस्कृतिक चलन, समूहमा मिलेर बस्ने बानी, गुचुप्प परेका बस्ती र विभिन्न भाषा गाउंपालिकककका महत्वपूर्ण र ऐतिहासिक पक्ष हुन् । यहाँका बासिन्दाहरु अत्यन्तै मिलनसार, सोझा र विकास प्रेमीको रुपमा परिचित छन् । पञ्चायतकालदेखि नै यहाँको विकासमा थुपै व्यक्तित्वहरुको योगदान रहेको छ । २०१६ सालदेखि नै विद्यालयहरुको स्थापना गर्ने, भैलुभुजा सिंचाईका सुविधा थप गर्ने, यातायात लगायतका विभिन्न विकास निमार्णका कार्यमा स्थानीय जनताको प्रत्यक्ष योगदान रहेको छ । यस क्षेत्रले २०४६ सालको परिवर्तन पश्चयात राजनीतिक चेतनामा निकै फड्को मारेको विभिन्न समयमा भएका आवधिक निर्वाचन र तिनको परिणामबाट थाहापाउन सकिन्छ ।

२०७३ साल चैत्र २७ गते यस जिल्लाका साविक गजेडी र रुद्रपुर कञ्चन गाउंपालिका स्थापना गरिएको हो । यस गाउंपालिकाका पहिलो कार्यकारी कृष्ण प्रसाद पन्थीको नेतृत्वमा विभिन्न विषयगत कार्यालयहरु सञ्चालनमा रहेका छन् । २०७४ साल आषाढ १४ मा सम्पन्न गाँउपालिकाको निर्वाचनमा यस कञ्चन गाँउपालिकाको अध्यक्ष गोकर्ण बहादुर क्षेत्री र उपाअध्यक्ष गोमा तरामु निर्वाचित भइ जन प्रतिनिधिका रुपमा कियाशिल हुनुहुन्छ ।